PRESS RELEASE

नेपाल प्रहरी प्रधान कार्यालय

# मानव बेचबिखन अनुसन्धान व्युरो

बबरमहल,काठमाण्डौ,

फोन ०१-५३३९५६९
०१-५३४११७७

## प्रेस विज्ञप्ति-१६

### "रोजगारीको प्रलोभन देखाई स्पा सेन्टरमा बेश्याबृत्तीमा लगाउने पक्राउ

काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.९ रातोपुल स्थित दिनेश पौडेल समेतले सञ्चालन गरेको "नुवाकोट व्यूटी पार्लर एण्ड स्पा सेन्टर" मा काम गर्ने युवतीहरुलाई जबरजस्ती वेश्यावृत्तीमा लगाई यौन शोषण गर्ने गरेको भन्ने गोप्य सुचनाको आधारमा यस व्युरोबाट खटीएको टोलीले नाबालीका सहीत ३ जना युवतीहरुलाई उद्दार गर्नुको साथै मिति २०८० मंसीर १० गतेका दिन उक्त स्पा का सञ्चालक दिनेश पौडेललाई पक्राउ गरि सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट दिन ०५ (पाँच) म्याद थप गरी मानव बेचबिखन तथा ओसारपसार मुद्दामा आवस्यक अनुसन्धान भईरहेको।

**पक्राउ परेका अभियुक्त-**

- जिल्ला संखुवासभा मत्स्य पोखरी गा.बि.स. वडा नं०-२ परिवर्तीत चिचिला गाउँपालीका वडा नं ०१ स्थायी वतन भएको वर्ष बस्ने ४३ को दिनेश पौडेल।

**अभियुक्तको फोटो:-**



**अनुसन्धानबाट खुल्न आएको:-**

१) आर्थिक अवस्था कमजोर भएका, ग्रामीण भेगका कम पढेलेंखेका युवतीहरुलाई आकर्षक तलब सुविधा दिने प्रलोभनमा पारी स्पा सेन्टरमा काम गर्न बोलाउने गरेको खुल्न आएको।

२) पक्राउ प्रतिवादी समेतले काठमाण्डौको रातो पुल र एअरपोर्ट नजिकै २ वटा स्पा सेन्टर खोलेको पाईएको , उक्त स्पा हरुमा काम गर्ने युवतीहरुलाई आलोपालो एक ठाउँबाट अर्को ठाउँमा पठाउने गरेको।

३) स्पा सेन्टरमा काम गर्ने युवतीहरुलाई मसाजका साथै शारिरीक सम्पर्क राख्न दवाव दिने गरेको।

४) निजले भने अनुसारको काम गर्न नमानेमा शारिरीक तथा मानसीक यातना समेत दिने गरेको।

५) पुरुषहरु संग अश्लिल क्रियाकलाप गरेको फोटो,भिडीयो आफु संग सुरक्षीत रहेको र भने अनुसार नगरेमा/नमानेमा सामाजिक सञ्जाल मार्फत आफन्तलाई पठाईदिने भनी डर त्रासमा पार्ने गरेको।

६) उद्दार भएका युवतीहरु मध्ये २ जना नाबालीका रहेको खुल्न आएको।

७) युवतीहरुलाई जवर्जस्ती यौन व्यवसायमा लगाई निज स्पा सेन्टरका सञ्चालक दिनेश पौडेलले आफुले आर्थिक लाभ लिने गरेको खुल्न आएको।

८) अन्य थप अनुसन्धान कार्य भै रहेको।

**प्रवक्ता**
(कृष्ण प्रसाद पगेनी)
प्रहरी उपरीक्षक
सम्पर्क नं:-९८५१२८१३३०

मितिः- २०८०।०८।११ गते।